नेपाली कांग्रेस | नेकपा (माओवादी केन्द्र) | नेकपा (एकिकृत समाजवादी) | जनता समाजवादी पार्टी | राष्ट्रिय जनमोर्चा

## स्थानीय तह निर्वाचन-२०७९

# हेटौंडा उपमहानगरपालिका
# पाँच दलीय गठबन्धनको संयुक्त

# प्रतिबद्धता-पत्र

नेपाली कांग्रेस | नेकपा (माओवादी केन्द्र) | नेकपा (एकिकृत समाजवादी) | जनता समाजवादी पार्टी | राष्ट्रिय जनमोर्चा

**१. स्वास्थ्य क्षेत्र :**

- हेटौंडा अस्पतालको स्तरोन्नति गर्न पहल गर्ने
- प्रत्येक वडामा MBBS डाक्टर सहितको स्वास्थ्य सेवा उपलब्ध गराउने
- जेष्ठ तथा अशक्त नागरिकको लागि घर घरमा स्वास्थ्य सेवा

**२. शिक्षा :**

- हरेक वर्ष कम्तिमा ५ जना विद्यार्थीलाई MBBS को छात्रवृत्तिको व्यवस्था गर्ने
- सामुदायिक विद्यालय तथा कलेजमा स्वास्थ्यकर्मी (नर्स) को व्यवस्था अनिवार्य गर्ने
- औद्योगिक क्षेत्रका लागि अनिवार्य आवश्यक जनशक्ति उत्पादन गर्ने

**३. खानेपानी तथा सरसफाई :**

- नगरभित्र हरेक घरमा मासिक १० हजार लिटर खानेपानी नि:शुल्क उपलब्ध गराउने
- प्रत्येक घरलाई शुद्ध खानेपानीको व्यवस्था गर्ने

**४. विद्युत :**

- वार्षिक ३०० युनिट सम्मको बिजुली नि:शुल्क गर्ने

**५. पूर्वाधार विकास :**

- हेटौंडा विकास प्राधिकरण गठन गर्ने
- बाईपास सडकको स्थायी निर्माण गर्ने

**७. गरिबी न्यूनीकरण :**

- एक घर एक रोजगारलाई प्राथमिकतामा राख्ने
- न्युन मध्यम व्यवसायिक कार्यका लागि सिप विकास, सहुलियत ऋण, बजार व्यवस्थापनको लागि सहयोग गर्ने

**८. यातायात :**

- नगर यातायातको गुरुयोजना तयार गरी कार्यान्वयन गर्ने

**९. फोहोर व्यवस्थापन :**

- जैविक, प्राङ्गारिक मल उत्पादन गर्ने कलकारखाना निर्माण गर्ने

Scanned with CamScanner

**१०. वन तथा वातावरण र पार्क व्यवस्थापन :**
- हरेक वडामा बगैंचा बनाऊँ, फलफूलको बिरूवाले सडक सजाऊँ

**११. पर्यटन :**
- नगरभित्रका नदी खोलाहरूको व्यवस्थापन गरी अस्थायी स्विमिङ पुल, जलविहार निर्माण तथा पार्कहरू निर्माण गरी पर्यटनमैत्री वातावरण निर्माण गर्न पहल गर्ने

**१२. खेलकुद :**
- राष्ट्रिय स्तरका खेलाडीहरूको संरक्षण गर्ने र खेलाडीहरूलाई प्रोत्साहित गर्न कार्यक्रमहरू सञ्चालन गर्ने
- वडाहरूका सार्वजनिक स्थलमा खुल्ला व्यायामशाला निर्माण गर्ने

**१३. धार्मिक पर्यटन :**
- भुटनदेवी, चुरिया, पशुपति, मनकामना, वनस्खण्डी, दक्षिणकाली, त्रिवेणीधाम, पाथीभारा क्षेत्र लगायतका धार्मिक स्थानहरूको सुधार, प्रबर्द्धन गर्ने

**१४. धार्मिक क्षेत्र :**
- मठ, मन्दिर, मस्जिद, गुम्वा, चर्च, राप्ति तट लगायत मसानघाट, इदगाह, कब्रस्तानको संरक्षण, सम्बर्द्धन गर्ने

**१५. सहकारी :**
- सहकारीका माध्यमबाट रोजगारी आयमुलक कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था गर्ने

**१६. विद्यार्थी तथा युवा लक्षित कार्यक्रम :**
- स्वरोजगार केन्द्र स्थापना गर्ने, विद्यार्थीहरूलाई उच्च शिक्षा दिने, नगरभित्रै सेवा गर्ने गरी प्रतिवद्ध गराई डाक्टर, इन्जिनियरहरूको लागि उचित छात्रवृत्तिको व्यवस्था गर्ने

**१७. लागुऔषध दुर्व्यसन न्यूनिकरण कार्यक्रम :**
- युवाहरूलाई कुलत मुक्त गर्न (Rehabilitation Center) पुनर्सहजीकरण

Scanned with CamScanner

केन्द्रलाई सहयोग गर्ने तथा दुर्व्यसन न्युनिकरण सञ्चालन गर्ने

**१८. सामाजिक सेवा र सुरक्षाका क्षेत्रमा गर्ने काम :**

**क) ज्येष्ठ नागरिक :**

- ज्येष्ठ नागरिक आश्रय स्थलहरू निर्माण र स्तरिकरणमा सहयोग गर्ने
- ज्येष्ठ नागरिक आश्रय स्थलमा चिकित्सा सेवाको संयोजन गर्ने
- वडा स्तरमा ज्येष्ठ नागरिक मैत्री चौताराहरू निर्माण, संचालन गर्ने

**ख) बालबालिका :**

- नगरमा व्यवस्थित बालमैत्री, अपाङ्गमैत्री, अत्याधुनिक सुविधायुक्त शौचालयको निर्माण, व्यवस्थापन गर्ने
- नगरभित्र भएका भोकाहरूलाई खाना दिन समुचित व्यवस्था गर्ने

**१९. कला साहित्य :**

- नगर स्तरीय प्रज्ञा प्रतिष्ठान स्थापना, प्रवर्धन र विकासका कार्यक्रम सञ्चालन गर्ने
- स्रष्टा तथा प्रतिभा सम्मान र प्रतिभा पुरस्कार स्थापना गर्ने
- नगर स्तरिय नाट्यशाला निर्माण गर्ने

**२०. श्रम र श्रमिक सम्बन्धमा :**

- अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकहरूको पहिचान गरी सम्मानजनक व्यवस्थापन गरिने छ ।

**२१. विपद् व्यवस्थापन :**

- विपद् व्यवस्थापनमा बजेट विनियोजन, विपद् व्यवस्थापन तालिम, राहत सामाग्री व्यवस्थापन, एम्बुलेन्स सेवा, रक्तसञ्चार सेवा, अग्नि नियन्त्रण सेवा र शव वाहन सेवा सञ्चालन तथा सहयोग गर्ने

**२२. सुचना सञ्चार :**

- जनताको घर-घरमा स्थानीय सरकार (उपमहानगरपालिकाको हरेक सेवाहरू घर-घरमा दिने) ।
- प्रत्येक वडामा फ्रि वाईफाई (इन्टरनेट सेवालाई सामुदायिक क्षेत्रहरूमा नि:शुल्क सेवा उपलब्ध गराउने) ।

Scanned with CamScanner